# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति-२०७८

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## सुनिलस्मृति गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर रोल्पा, लुम्बिनी प्रदेश

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना मन्तव्य

लैंगिक समानता र सामाजिक समावेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अर्न्तराष्ट्रिय कानून तथा महासन्धीहरुको कार्यान्वयन गर्ने र नेपाललाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउने सन्दर्भमा नेपालको संविधानले लैङ्गिक विभेद र सबै प्रकारका जातीय विभेदको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। नेपालको संविधान बमोजिम जारी गरिएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न नीति तथा कानूनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई जोड दिदै यसलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानूनहरुको स्थानीयकरण गरी गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सुनिलस्मृति गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ तयार गरी कार्यान्वयन गरिरहेको सन्दर्भमा प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश नेपालगञ्ज, बाँकेको सहयोग र ग्रामीण विकास तथा चेतना समाज (रुडास), नेपालको सहजीकरणमा **लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७८** तयार गरिएको छ। यस रणनीतिले गाउँपालिकाको नीति, कानून, योजना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससासमैत्री, संवेदनशील तथा उत्तरदायी बनाउन, लैससासँग अन्तरसम्बन्धित मुद्धाहरुलाई विकास प्रक्रियामा समावेश गर्न, महिला तथा पिछडिएका वर्ग समुदायको सशक्तिकरण गर्दै विकासका कार्यक्रमको लाभ प्राप्तीमा न्यायोचित अवसर सुनिश्चित गर्न, समाजमा वञ्चितिकरणमा परेका सबै समुदायलाई समग्र विकास प्रक्रियामा सहभागिता सुनिश्चित गर्न मार्गनिर्देशन गर्ने विश्वास लिइएको छ। यो रणनीति तयार गर्न सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, सहजीकरण गर्ने संस्था रुडास, नेपाल र आफै प्रत्यक्ष सहभागी भएर कार्य गर्ने सम्पूर्ण जनप्रतिनिधि मित्रहरु र सम्पूर्ण कर्मचारीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो रणनीति कार्यान्वयनमा पनि सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

गुणेन्द्र घर्ती
अध्यक्ष

# विषयसूची

**परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा परिचय**

१.१. पृष्ठभूमि .....१-२
१.२. सुनिलस्मृति गाउँपालिकाको संक्षिप्त परिचय .....२-३
१.३. लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया ..... ३
१.४ संक्षिप्त नाम र परिभाषा.....३-५

**परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण**

२.१.सुनिलस्मृति गाउँपालिकाको राजनैतिक, सामाजिक र आार्थिक अवस्था बिश्लेषण..... ५-७
२.२. लक्षीत समूह प्राथमिकिकरण र प्रमुख सवाल पहिँचान ..... ७-९
२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला बिश्लेषण ..... ९-१३
२.४ गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण ..... १४-१५
२.५ पालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु ..... १६
२.५. पालिकाको आगामी लैससास रणनीतिका लागि लक्षित कार्यक्षेत्रहरु ..... १६-१७
२.६. पालिकाको लैससास रणनीतिको समयाबधी ..... १७

**परिच्छेद ३ लैससास रणनीतिको परिकल्पजना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता, औचित्यता र रणनीति तथा कार्यनीति**

३.१. लैससास मूलप्रवाहीकरण रणनीतिको परिकल्पना .....१७
३.२ लैससास मूलप्रवाहीकरण रणनीतिको ध्येय .....१७
३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको लक्ष्य ..... १७-१८
३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु.....१८
३.५ लैससास मूलप्रवाहीकरण रणनीतिको मुल्यमान्यता .....१८
३.६ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता ..... १८-१९
३.७ लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु .....१९-२४
३.८. लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन कार्ययोजना .....२५-२८

**परिच्छेद ४ लैससास रणनेति कार्यान्वयन तथा अनुगमन प्रणाली**

४.१ लैससास रणनीति कार्यान्वयनका लागि आबश्यक संस्थागतसंयन्त्र.....२९-३०
४.२. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन ..... ३०
४.३.. अनुगमन प्रणाली .....३०-३२
४.४. सम्भावित जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरु .....३३-३४
४.५.. कानुनी ब्यबस्था तथा पुनरावलोकन .....३४-३५

**अनुसुची : .....३५-४०**

अनुसुची १ लैससास रणनीति निर्माण तथा कार्यान्वयनका लागि गाउँपालिकास्तरीय कार्यदलको बिबरण
अनुसुची २. गाउँपालिका भित्र क्रियाशिल सरोकारवालाहरुको बवरण
अनुसुचि ३. समूह छलफलमा सहभागिहरुको बिवरण
अनुसुचि ४. लैससास रणनीति निर्माण कार्यशालामा सहभागिहरुको बिबरण
अनुसुचि ५. लैससास निर्माण क्रममा अध्ययन तथा बिश्लेषण गरिएका दस्ताबेजहरु

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति

## परिच्छेद १

## पृष्ठभूमि तथा परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक धारा ४२ मा सामाजिक न्यायको हकको ब्यबस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास सम्बन्धी ब्यबस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरण सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव

अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ । सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरि गाउँपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रबाहिकरण रणनीतिले मार्गर्दिश गर्ने बिश्वास गरिएको छ ।

## १.२. गाउँपालिकाको संक्षिप्त परिचय :

सुनिलस्मृति गाउँपालिका रोल्पा जिल्लाको प्रबेश बिन्दुमा अवस्थित जिल्लाको १० वटा स्थानीय तहहरु मध्येको एक हो । यो गाउँपालिका रोल्पा जिल्लाको सदरमुकाम लिवाङदेखि २९ कि.मी. को दुरीमा पूर्वि भेगमा रहेको छ । यस गाउँपालिकाको पूर्वमा सुनछहरी र लुङग्री गाउँपालिका, पश्चिममा रोल्पा नगरपालिका र रुन्टीगढी गाउँपालिका, उत्तरमा सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका तथा दक्षिणमा प्यूठान जिल्लाको स्वर्गद्वारी नगरपालिकासंग सिमाना जोडीएको छ । प्रशासनिक हिसावले जम्मा ८ वटा वडामा विभाजित यस गाउँपालिकाको केन्द्र सुलीचौरमा रहेको छ ।

समुन्द्र सतहबाट ६६० मिटर देखि २९६० मिटर सम्मको उचाईमा अवस्थित यो गाउँपालिका १५६.५५ बर्ग मिटरको क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको कूल जमिन मध्ये ४९.४९ प्रतिशत जमिनमा खेती गरिन्छ भने ३८.७६ प्रतिशत जमिन बनजंगलले ढाकेको छ । त्यसैगरी कूल जमिन मध्ये १०.८५ प्रतिशत झाडीले आगटेको र ०.५६ प्रतिशत जमिन घाँसे मैदानले ओगटेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार सुनिलस्मृति गाउँपालिकाको कूल घरपरिवार ५६५७ रहेको र कूल जनसंख्या २८२१३ रहेको छ । कूल जनसंख्या मध्ये महिला १५४९८ (५४.९३ प्रतिशत) र पुरुष १२७१५ (४५.०६) जना रहेको पाइन्छ । औषत घरपरिवारको आकार ४.९९ छ र लैंगिक अनुपात ८२.०४ छ । जनसंख्या बृद्धिदर १.३६ रहेको छ । यस गाउँपालिकाको जनघनत्व १८०.२२ प्रति बर्ग किलोमीटर रहेको छ । मगर जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा सबै जातजातीको मिश्रित बसोबास रहेको छ । कूल जनसंख्या मध्ये मगर ३४.५२, ब्राह्मण क्षेत्री ४०.१७, दलित १७.९८, अन्य जनजाती १.०१ र अन्य जाती ६.३३ प्रतिशतको बसोबास रहेको छ । उमेर मूहको तथ्यांक हेर्दा १९ बर्ष भन्दा कम उमेरका बालबालिकाको संख्या ५३.४७ प्रतिशत रहेको छ । बालबालिकाको संख्याले कूल संख्याको आधा भन्दा बढी हिस्सा आगटेको छ । जसमध्ये बालक संख्या ७७२३ जना र बालिका संख्या ७३६४ जना छन । कूल जनसंख्या मध्ये आर्थिक हिसावले सक्रिय १५ देखि ५९ बर्षको उमेर समूहका संख्या ४८.७९ प्रतिशत रहेको छ ।

यो गाउँपालिकामा मुख्य गरी मगरको बाहुल्यता रहे पनि गुरुङ, दलित र बाहुन, क्षेत्री, ठकुरी लगायत अन्य जातजातीको समेत बसोवास रहेको छ । नेपाली भाषा मातृ भाषाको रुपमा प्रयोग गरिएपनि मगर बस्तीको बाहुल्यता भएको वडाहरुमा मगर भाषा पनि मातृ भाषाको रुपमा बोल्ने गरेको पाइन्छ ।

कृषिलाई मुख्य पेशा मानिएता पनि मौषमी रुपमा भारतको रोजगारी र बैदेशिकरोजगारीमा जानेहरुको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको पाइन्छ ।

सुनिलस्मृति गाउँपालिकाको पछौटे सामाजिक जनजीवन, अशिक्षा, चेतनास्तरको कमी, भौगोलीक बिकटता जस्ता विभिन्न अवरोध तथा समस्याहरुले गर्दा लक्षीत समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन् । त्यसैगरी बालश्रम, बाल विवाह ब्यापक छ भने दुर्गम बस्तीहरुमा शिक्षाको सहज पहुँच नहुदा बिचैमा बिद्यालय छोड्नु पर्ने अवस्था, उच्च शिक्षा हासिल गर्न नपाउनु लगायत पारिवारिक बिखण्डन, घरेलु हिंसा, लैंगिक विभेद, दुरव्यवहार, कार्यबोझ, र श्रम शोषणको शिकार हुन पुगेका छन् ।

## १.३. लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया :

### १.३.१ रणनीतिको उद्देश्य :

यस लैससास रणनीतको मुख्य उद्देश्य लैससास अबधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि गाउँपालिकाले गर्ने सम्पुर्ण बिकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउदै दिगो बिकासका लागि आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धी तथा लाभ र अवसरको समतामूलक बितरण र उपयोगी बनाउने रहेको छ ।

क) गाउँपालिकाको नीति, कानुन, योजना, कार्याक्रम, सेवा प्रबाह र संस्थागत संरचनालाई लैससास मूलप्रबाहिकरण रणनीति मार्फत लैससासमैत्री, संबेदनशिल तथा उत्तरदायि बनाउन सहयोग गर्ने।

ख). गाउँपालिकामा भएका लैंससाससंग अन्रसम्बन्धीत मुद्धाहरुलाई बिकास प्रक्रियामा समाबेश गर्ने ।

ग) महिला तथा पिछडिएका बर्ग समुदायको सशक्तिकरण गर्दै बिकासका कार्यक्रमको लाभ प्राप्तीमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

घ). समाजमा बञ्चितिकरणमा परेका वर्ग, लिंग, क्षेत्रका समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

### १.३.२. लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया :

यस गाउँपालिकाको लैससास मूलप्रबाहिकरण रणनीति निर्माण क्रममा निम्न बिधि तथा प्रक्रियाहरु अवलम्वन गरिएको छ ।

क) लैससास रणनीतिको खाका अनुसार आबश्यक गाउँपालिकाको रणनीति तयारी क्रममा आबश्यक सुचना तथा तथ्यांक संकलनका लागि गाउँपालिकास्तरीय कार्यशाला गोष्ठी सम्पन्न ।

ख) रणनीति निर्माण क्रममा आबश्यक सहयोगी दस्तावेज संकलनका लागि गाउँपालिकासंग समन्वय ।

ग) लैससास मूलप्रबाहिकरण रणनीतिको खाका अनुसार आबश्यक सुचना तथा तथ्यांक संकलन र बिश्लेषणका लागि समूह छलफल ।

घ) लैससास रणनीति निर्माण तथा कार्यान्वयनका लागि गाउँपालिकास्तरीय कार्यदल गठन ।

ङ) रणनीति तयार गर्ने क्रममा गाउँपालिकाबाट जारी गरिएका बिभिन्न ऐन, कार्यबिधि तथा निर्देशिका संकलन तथा अध्ययन ।

च) रणनीति तयार गर्ने क्रममा लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय कानुनहरुको अध्ययन ।

## १.४. संक्षिप्त नाम र परिभाषा :

**१.४.१. संक्षिप्त नाम :य**स रणनीतिको नाम सुनिलस्मृति गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मुलप्रबाहिकरण रणनीति २०७८ रहनेछ । यो रणनीति गाउँपालिकाले स्विकृत गरेको मीति देखि लागु हुनेछ ।

**१.४.२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

**क) रणनीति भन्नाले : सुनिलस्मृति** गाउँपालिकाको लैससास मूलप्रकाहिकरण रणनीति २०७८ लाई सम्झनु पर्दछ ।

ख) **गा.पा.**भन्नाले : सुनिलस्मृति गाउँपालिका सम्झनु पर्दछ ।

**ग) लैससास** भन्नाले : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

**घ) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण** भन्नाले महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

**ङ) लैंङ्गिक मूलप्रबाहीकरण** (Gender Mainstreaming) भन्नाले गाउँपालिकाको बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ ।

**च) लैङ्गिक समानता** (Gender Equality) **भन्नाले समाज तथा राज्यको** सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ ।

**छ) लैङ्गिक समता (Gender Equity)** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुऱ्याउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

**ज) सामाजिक समाबेशीकारण** (Social Inclusion) भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ ।

**झ) सामाजिक बञ्चितिकरण** (Social Exclusion) भन्नाले लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ञ) बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

**ट) लैङ्गिक संबेदनशिल** (Gender Sensetive) : सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

**ठ) लैङ्गिकता (Gender)** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक ब्यबहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

**ड) लैंगिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आबश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

**ढ) CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

**ण) CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ ।

**त) BPFA** भन्नाले बेइजिङ कार्ययोजना ( Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ ।

**थ) सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

**द) लैंगिक उत्तरदायि बजेट** भन्नाले लैंगिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

**ध) लैंगिक प्रभाव बिश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

**न) खण्डिकृत तथ्यांक** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एबं लैंगिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरुको तहगत तथ्यांकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण

### २.१ सुनिलस्मृति गाउँपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

सुनिलस्मृति गाउँपालिकाको बिद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण गरिएको छ । बिश्लेषणले आगामी दिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक योजना तथा नीति कार्यक्रमका बिषयहरु उठान गर्न सहयोग गर्नेछ ।

### २.१.१. राजनैतिक अवस्था

सुनिलस्मृति गाउँपालिकाको राजनैतिक अवस्था अध्ययन तथा बिशलेषण गर्दा आम नागरीकहरु राजनैतिक रुपमा सचेत भएपनि गाउापालिका तथा वडा तहस्तको महिला, दलित लगायत पछाडी परेको समुदायको नेतृत्व तहमा सहभागिता अपेक्षाकृत बृद्धि हुन सकेको पाइदैन । महिला लगायत लक्षीत समूहलाई राजनीतिमा सहभागिता बृद्धिका लागि परिवार तथा समाजबाट सहज वातावरण सुजना गर्न आबश्यक देखिन्छ । महिला, दलित लगायत बञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत गाउँपालिकाबाट जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन हुन जरुरी छ । कानुनले अनिवार्य गरेकोमा बाहेक अन्य क्षेत्रमा महिला लगायत पछाडी परेका वा पारिएका बर्गको सहभागिता बृद्धि गर्न सकिएको छैन । यस गाउँकार्यपालिकामा प्रतिनिधित्वको अवस्था हेर्ने हो भने महिला सहभागिता करीब ४० प्रतिशत, दलित ३१ प्रतिशत, जनजाती २५ प्रतिशत छ । समग्रमा महिला, दलित जनजाती संख्या बिश्लेषण गर्दा राजनैतिक भूमिकामा सकारात्मक प्रतितिनिधित्व भएपनि निर्णायक भूमिकामा गाउँपालिकाको उपाध्यक्ष मात्र महिला रहेको पाइन्छ । गाउँपालिका अध्यक्ष लगायत वडा अध्यक्षमा महिला, दलित लगायत बञ्चित सुदायको सहभागिता बृद्धि गर्नु पर्ने बिद्यमान तथ्यांकले स्पष्ट पार्दछ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समाबेशी सहभागिताको कानुनी प्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि राजनैतिक दल लगायत स्थानीय सरकारबाट बिशेष गरी लक्षित बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी सबै राजनैतिक दलहरुको गाउँकमिटिमा ३३ प्रतिशत महिला सहभागिता साथै सामाजिक रुपले समाबेशी सहभागिता अनिवार्य गरिएपनि अपेक्षा गरिए अनुरुप निर्णायक भूमिकामा पुर्याउन सकेको पाइदैन । लैंगिक तथा सामाजिक हिसावले समान अस्तित्वलाई सहज रुपमा स्विकार नगरे सम्म शक्ति सम्बन्धमा महिला लगायत बञ्चित तथा पछाडी परेका बर्ग समुदायहरु समान हैसियतमा आउन नसक्ने यथार्थता हाम्रा सामु बिद्यमान छ । गाउँपालिकामा अधिकृत तह वा सो सरहका महिला संख्या २८ प्रतिशत छ । महिला लगायत लक्षीत समूहको राजनैतिक भूमिकामा पहुँच बृद्धि गरी निर्णायक तहमा क्रियाशिल हुनका लागि सबै लक्षीत समूहमा राजनैतिक चेतनास्तरको र सो सम्बन्धी क्षमता बिकासका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न आबश्यक छ ।

### २.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले सुनिलस्मृति गाउँपालिकामा बिभिन्न जातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक रहेको छ । समाजमा बिद्यमान पित्रृसतात्मक सोच र ब्यबहारबाट यस सुनिलस्मृति गाउँपालिका पनि अछुत रहन सकेको छैन । लैंगिक बिभेद, दाइजो प्रथा, बोक्सी तथा धामीझाक्री प्रथा, बालश्रम, बाल बिबाह, बहु बिबाह, जातिय बिभेद, घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र परम्परागत गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवसर तथा सुचनामा पहुँच न्यून छ । समाजमा लैंगिक तथा सामाजिक रुपले समान अवसर र समान पहुँच हुन सकिरहेको छैन । कानुनी रुपमा प्रदान गरिएको प्रजनन् तथा सुरक्षीत मातृत्वको अधिकार समेत महिलाहरुले निर्बाध रुपमा उपयोग गर्न सकिरहेको पाइदैन ।

बिद्यमान सामाजिक पछौटेपना लगायत गलत सामाजिक अभ्यास र कुरितिहरु हटाउनका लागि गाउँपालिकाको सबै वडा तहमा सामाजिक जागरणका अभियान संचालन गर्न आवश्यक छ ।

### २.१.३. आर्थिक अवस्था बिश्लेषण :

यस गाउँपालिकाको अर्थिक स्रोतको रुपमा मुख्य पेशा कृषि ब्यबसाय मानिए पनि केही मात्रामा ब्यापार ब्यबसाय, बैदेशिक रोजगारी, छिमेकी मुलुक भारतमा रोजगारीको लागि जाने र ज्यालामजदुरी समेत गर्ने गरेको पाइन्छ । रोजगारी तथा ब्यबसायमा संलग्न ब्यक्तिहरुको खण्डिकृत रुपमा एकिन तथ्यांक नभएपनि महिला, दलित लगायत बञ्चित समुदायका ब्यक्तिहरु कम मात्रमा रोजगारी तथा ब्यबसायमा संलग्नता रहेको पाइन्छ भने अधिकांस बिपन्न परिवारका मानिसहरु रोजगारीका लागिछिमेकी मुलुक भारत र केही मानिसहरु खाडी मुलुकमा गएको पाइन्छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समान कामको समान ज्यालाको अभ्यास शुरुवात गरेपनि सबै क्षेत्रमा पुर्णत लागु हुन नसक्दा अर्थतन्त्रमा महिलाको पहुँच न्यून रहेको पाइन्छ । पारिवारिक स्रोत तथा भूमिकामा महिलाको पहुँच न्यून छ ।

## २.२ लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण र प्रमुख सवाल पहिँचान :

सुनिलस्मृति गाउँपालिकामा महिला लगायत पछाडी पारिएका बर्ग समुदायहरुको उत्थान र बिकासका लागि बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने गरेको छ । गाउँपालिकाले समुदायतहमा सर्बेक्षण गरी लक्षीत समूहको एकिन तथ्यांक पहिँचान गरेको अभिलेख नभए पनि कार्यशालामा समूह छलफलको क्रममा सामूहिक छलफल तथा सहमतिबाट देहायका लक्षीत समूह पहिँचान गरी प्राथमिकिकरण गरिएको छ । समूह छलफलबाट तयार गरिएको गाउँपालिकाको लक्षित समूह नक्सांकनमा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ । लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| **२.२.१ सुनिलस्मृति गाउँपालिकाका लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण** | **२.२.२. पालिका तथा वडास्तरका प्रमुख सवालहरु** |
|---|---|
| १. समग्र महिला/एकल महिलाका सवालहरु | क) नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु ।<br>ख) नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।<br>ग) स्थानीय योजना तर्जुमा प्रक्रियामा महिलाहरुको अर्थपूण सहभागिताको कमि ।<br>घ) दुर्गम बस्तीमा बस्ने तथा निरक्षर महिलाको सूचनामा पहुँच कमि ।<br>ङ ) अधिकांस महिलालाई आफ्नो अधिकार र कानुन्बारे जानकारी नहुनु ।<br>च) गर्ववती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा आमा तथा बच्चाको स्वास्थ्य जोखिममा पर्ने खतरा हुनु ।<br>छ) घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुरब्यबहार र |

| | |
|---|---|
| | बिभेदबाट पिडित हुनु ।<br>ज) पुरुष प्रधान समाज र सोचका कारण लैंगिक बिभेद, सामाजिक असमानता तथा बोक्सी प्रथा लगायतका कुरीतिहरु कायमै रहनु ।<br>झ) मानसिक स्वास्थ्य समस्याको सिकार बन्नु ।<br>ञ) आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>ट) उच्च शिक्षामा समान पहुँच नहुनु ।<br>ठ) गर्भवती महिला तथा सुत्केरी महिलाहरुलाई पोषणको कमि ।<br>ड) कार्यलयहरुमा लैंगिकमैत्री संरचना तथा ब्यबहारको कमि ।<br>ढ) एकल महिला, अपांग, असाह्य महिलाहरुलाई अपमानजनक तथा असमान ब्यबहार, सेवामा असमान पहुँच, समान अवसरबाट बञ्चित हुनु ।<br>ण) चेतनाको कमि । |
| २. बालबालिकाका सवालहरु | क) बाल श्रमबाट बालबलिकाहरु पिति छन् ।<br>ख) बाल यौन दुरब्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन् ।<br>ग) बालविवाह कायमै रहनु र बालबिबाहलाई समाजले सहजै स्विकार गर्नु ।<br>घ) बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बालउद्यान नहुनु ।<br>ङ )सबै सार्वजनिक स्थानमा स्तनपान कक्षको ब्यबस्था नहुनु ।<br>च) बलिका तथा किशोरीहरुमा आत्मरक्षा शिप नहुदा बलात्कार तथा यौनजन्य दुर्ब्यबहारको शिकार बन्नु ।<br>छ) बेसाहारा तथा अबिभावक बिहिन बालबालिकाहरुलाई बैकल्पीक हेरचाह केन्द्र तथा संरक्षणको अभाव । |
| ३. अपांगता भएका ब्यक्तिका सवालहरु | क) समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु ।<br>ख) अपहेलना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुरर्ब्यबहारको शिकार हुनु ।<br>ग) मानसिक स्वास्थ्य समस्याको शिकार हुनु ।<br>घ) अपंगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु ।<br>ङ) समान शिक्षाको अवसरबाट बञ्चित । ठ) रोजगारीमा पहुँच कमि ।<br>च) अपांग महिला, बालिका तथा किशोरीहरु यौनजन्य शोषण तथा दुरर्ब्यबहार र बलात्कारको शिकार बन्नु । |
| ४.दलित | क) केही वडामा छुवाछुत मुक्त प्रक्रियाको अभ्यास थालन गरिए पनि सबै वडा लगायत समुदाय तहमा अन्धविश्वास र छुवाछुत कामयमै छ ।<br>ख) खण्डिकृत तथ्यांक नभएकोले दलित भित्रको दलित महिला, अपांग दलित, बेरोजगार दलित, शिक्षाबाट बञ्चित दलित आदि पहिँचान हुन सकेको छैन ।<br>ग) गाउँपालिका लगायत वडा तहको बिभिन्न संरचनाहरुमा निर्णायक भूमिकामा दलितहरुको प्रतिनिधित्व न्यून संख्यामा छ । |

| | |
|---|---|
| | घ) उच्च शिक्षा, स्वास्थ्य, रोजगार जस्ता बिभिन्न अवसरहरुबाट बञ्चित छन्।<br>ङ) न्यून चेतनास्तरले गर्दा समग्र बिकास प्रक्रियामा दलितहरुको सहभागिता शुनिश्चित हुन सकेको छैन । |
| ५. ज्येष्ठ नागरिकका सवालहरु | क) जेष्ठ नागरिकहरुको सूचनामा पहुँच कमि ।<br>ख) जेष्ठ नागरिकलाई उचीत पालनपोषण तथा संरक्षणको अभाव<br>ग) घरपरिवारका सदस्यहरुबाट बेवास्ता र अपहेलना गरिनु ।<br>ग) ज्येष्ठ नागरीक माथि अपमानजनक ब्यबहार गरिनु ।<br>घ) पारिवारिक तथा सार्वजनिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>ङ) परिवार तथा समाजबाट अपहेलीत हुनु ।<br>च) एक्लै बढी समय बिताउनु पर्दा मानसिक स्वास्थ्य समस्याको शिकारको सम्भावना रहनु ।<br>छ) एक्लै वा एकान्तमा समय बिताउनु पर्ने बाध्यता । |
| ६.लैंगिक तथा यौनिक अल्पसंख्यक : | क) पहिचान हुन नसक्नु ।<br>ख) खुलेर समाजमा आउन नचाहनु ।<br>ग) समान अवसरबाट बञ्चित हुनु ।<br>घ) परिवार लगायत समाजले अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु । |
| ७. अति बिपन्न समुदाय | क) सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य छन् ।<br>ख) मुख्य पेशा ज्यालामजदुरी ।<br>ग) गरिवीका कारण उच्च शिक्ष, स्वास्थ्य र रोजगारबाट बञ्चित हुनु ।<br>घ) सुचनामा पहुँच नपुग्दा गाउँपालिका तथा वडाबाट संचालीत योजना लगायत सेवा सुबिधामा पहुँच कमी ।<br>ङ) अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु ।<br>च) निर्णायक तहमा सहभागिताको पहुँच न्यून ।<br>छ) गरिवीका कारण सामाजिक तथा राजनैतिक भूमिकामा न्यून सहभागिता । |

## २.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिँचान र उपलब्ध सेवा तथा कार्यक्रमहरु

सुनिलस्मृति गाउँपालिकामा लैंगिक समानता र सामाजिक समाबेशीकरणको क्षेत्रमा क्रियशिल सरोकारवाला निकायहरुको पहिँचान गरी भेन डायग्रामद्धारा प्रस्तुत गरिएको छ । साथै पहिँचान गरिएका सरोकारवाला निकाहरुको बिस्तृत नामावली अनुसुची २ मा उल्लेख गरिएको छ । यस रणनीतिमा सरोकारवालाले लैससास क्षेत्रमा बहन गनुपर्ने भूमिका समेत निर्धारण गरिएको छ । गाउँपालिकामबाट लैससासको क्षेत्रमा काम गर्दा समन्वय तथा सहकार्य गर्दै आएको र भबिश्यमा सहयोग तथा सहकार्य गर्न सकिने छ ।

## २.३.१. सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुती :




## २.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरुको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था :

सुनिलस्मृति गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धीत सरोकारवालाहरुको प्राथमिकिकरण गरी उनीहरुसंग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना बनाई लागु गरिनेछ । गाउँपालिका अन्तर्गतका सबै बिषयगत शाखा,

वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्बजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्बन्धीत निकाय तथा गैरसरकारी संघसंस्थाहरुसंगको निकटतम समन्वय र सहकार्य गरि स्थानीय जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता बिकास र लक्षीत समूहको बिकासमा मूलप्रबाहिकरण तथा पहुँच सुनिश्चत गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरुको भूमिका निर्धारण गरि कार्यान्वयनका लागि नियमित समन्व तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयन क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरुले तोकीएको भूमिका प्रभावकारी कार्यान्वयन गरे नगरेको सन्दर्भमा नियमित अनुगमन समेत गरिनेछ । गाउँपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिँचान गरि बुदाँ नं २.३.१. मा उल्लेख गरिएका सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी निम्न तालीकामा उल्लेख गरिएको छ ।

| **२.३.२. (क) सरोकारवाला निकायहरु** | **२.३.२.(ख) भूमिका तथाल जिम्मेवारी** |
|---|---|
| १) सबै बिषयगत शाखाहरु | १) योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता अनिवार्य गर्ने ।<br>२) लैससासमैत्री संरचनाको व्यबस्था र सेवा प्रबाह प्रणालीको बिकास गर्ने ।<br>३) शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका मानविय बिकास र सुरक्षाका बिषयमा संवेदनशिलता अवलम्वन गर्ने ।<br>४) लैससास क्ष्काई र लैससास सम्पर्क व्यक्तिसंगको निकटतम समन्य र परामर्श अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने ।<br>५) न्याय सेवा प्रणाली सुरक्षित र संवेदनशिल बनाउने । |
| २) अन्य सरकारी तथा सार्बजनिक निकायहरु (प्रहरी कार्यालय, शिक्षण संस्था, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला अदालत, जिल्ला अस्पताल र ओ.सी.एम.सी., आदि) | १) लैससासमैत्री संरचना निर्माण गरि कार्यप्रणाली अवलम्बन गर्ने ।<br>२) लैससास संबेदनशिल ब्यबहार अवलम्वनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने ।<br>३) सेवा प्रबाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एबं अवसरको वाँडफाँडमा न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>४) महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका जनसाधारणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने ।<br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैंगिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मनोबिमर्श सेवाको ब्यबस्था गर्ने ।<br>६) लैंगिक उत्तरदायि बजेट कार्यान्वयन गर्ने गराउने । |

| | |
|---|---|
| ३) लक्षीत समूहहरु (महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षीत समूहहरुको सवाल एबं समस्या तथा आबश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक संकलन गरि आबशयक सुचना उपलब्ध गराउने<br>२) समाजमा बिद्यमान बिभेदकारी प्रचलन तथा असमानताका बिरुद्ध अभियान संचालन गर्न योजना बनाई माग गर्ने ।<br>३) उनीहरुका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चत गर्न माग गर्ने । योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न गराउन वकालत गर्ने । |
| ४) गैरसरकारी संघसंस्थाहरु | १) कानुनहरुको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>२) महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>३) लैङ्गिक हिंसा , घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>४) गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>५) लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| ५) निजी क्षेत्र( बिकास बैंक, बित्तिय संस्था र उद्योग बार्णिज्य संघ आदि) | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>२) महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>३) वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरुबाट उत्पादित बस्तुहरुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>४) महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ |

| | |
|---|---|
| | उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>५) गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| ६) प्रदेश तथा संघीय सरकार | १) लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तराष्टिय प्राबधानहरुलाई स्थानीयकरण गर्न गाउँपालिका लगायत सरोकारवालाकहरुको क्षमता बिकास गर्ने ।<br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरु पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>३) नियमित लैंगिक उत्तादायी बजेट निर्माण र लैससस परिक्षण गर्न क्षमता बिकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ७) विकास साझेदारहरु | १) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>२) महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३) विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन हुने गरी क्रियाकलापहरु तय गर्ने ।<br>४) लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |

## २.४. सुनिलस्मृति गाउँपालिको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

सुनिलस्मृति गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको **(SWOT Analysis) निम्न तालीकामा प्रस्तुत गरिएको छ ।**

| सवल पक्ष | कमजोर/सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| ▪ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति निर्माण भई लागु छ ।<br>▪ लै.स.सा.स.कार्यान्वयन तथा अनुगमन समिति र लैससास परिक्षण कार्यदल गठन भएको छ ।<br>▪ लैससास सम्पर्क व्यक्ति तोकी परिचालन गरिएको छ ।<br>▪ लैससास सम्बन्धी अन्तरक्रिया गोष्ठि संचालन भएको छ ।<br>▪ लैङ्गिक हिंसा निवारण कोष स्थापना र कोष सञ्चालन कार्यविधि निर्माण<br>▪ बाल संरक्षण नीति निर्माण भई लागु छ ।<br>▪ बाल संरक्षण कोष सञ्चालन कार्यविधि बनाइ कोस स्थापना गर्रिको<br>▪ जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि बनाई कार्यान्वयन भएको | ▪ लैङ्गिकमैत्री व्यवहार अवलम्वन गनुपर्ने ।<br>▪ सबै सार्बजनिक निकायमा लैससास मैत्री संरचना वा पुर्वाधार हुनुपर्ने<br>▪ लैससास सम्बन्धित गुनासो सुनुवाई संयन्त्रको ब्यबस्था गर्नुपर्ने ।<br>▪ लैगिक उत्तरदायि बजेट कार्यन्वयन भए नभएको विश्लेषण गरिनु पर्ने ।<br>▪ स्तनपान कक्षको स्थापना र व्यवस्थापन गरिनु पर्ने<br>▪ गाउँपालिका लगायत सबै सार्वजनिक निकायमा लैगिक मैत्री शौचालय र स्यानीटरी प्याडको व्यवस्था हुनु पर्ने<br>▪ कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका कार्यक्रम हुनु पर्ने<br>▪ महिला माथि हुने हिंसा अन्याय निरुपणको लागि लैससास मैत्री फैसला वा न्यायमा सहज पहुँच हुनुपर्ने । | ▪ राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्था हुनु जसलाई स्थानीय सरकारले अवलम्बन गर्न सक्ने ।<br>▪ टोलविकास संस्था परिचालन गर्न सकिने<br>▪ लक्षीत समूह संजाल मार्फत योजना माग गरी कार्यान्वयनमा लैजान सकिने ।<br>▪ महिला सञ्जाल, स्वावलम्वन समूह, बाल संजाल, किशोरी सञ्जाल<br>▪ जेष्ठ नागरिक सञ्जाल, दलित सञ्जाल, अपाङ्ग सञ्जाल गठन भई | ▪ लक्षित समूहको असिमित आकांक्षा र आबश्यकता सम्बोधन गर्नुपर्ने ।<br>▪ अन्तर पुस्ता विचको सम्बन्ध सुदृढिकरण<br>▪ बाल विवाहको अन्त्य<br>▪ लैंगिक हिंसा तथा जातिय बिभेदको अन्त्य<br>▪ लक्षित समूह र रोजगारी विचको तादाम्यता र व्यवस्थापन (Money, Man power, Materal, Mechanisud)<br>▪ नीति कार्यक्रमको सम्बन्धमा लक्षित समूहलाई सुसुचित गराउने ।<br>▪ पितृसतात्मक सोचाई |

| | | | |
|---|---|---|---|
| ▪ जेष्ठ नागरिक क्लव गठन तथा परिचालन कार्यविधि<br>▪ अपाङ्ग परिचय पत्र वितरण कार्यविधि<br>▪ महिला विकास समिति गठन तथा परिचालन कार्यविधि<br>▪ बाल संरक्षण नीति निर्माण भई लागु छ ।<br>▪ बालविवाह बिरुद्ध रणनीतिक योजना<br>▪ कर्मचारी र जनप्रतिनीधिको आचारसंहिता<br>▪ न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५ छ ।<br>▪ गाउँपालिकाको छोरी बचाउँ पढाऔं कार्यक्रम संचालीत छ ।<br>▪ गर्भवती महिला संग उपाध्यक्ष कार्यक्रम संचालित छ ।<br>▪ बार्षिक रुपमा लैससास परिक्षण शुरुवात भएको छ ।<br>▪ लैससास कार्यन्वयनमा पालिका अन्तरगतका शाखाहरु विच समन्वय र सहकार्य | ▪ सबै वडा तहमा मेलमिलाप कर्ता र मेलमिलाप केन्द्रको व्यवस्थापन हुनु पर्ने ।<br>▪ बालविवाह, छुवाछुत तथा लैंङ्गिक हिंसाको अन्त्य कालागि कार्यक्रम सञ्चालन गरिनु पर्ने ।<br>▪ प्रजनन् स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन हुनु पर्ने ।<br>▪ गलत सामाजिक अभ्यास र सामाजिक कुरिति प्रोत्साहनमा कर्मचारी र जनप्रतिनिधिको अप्रत्यक्ष संलग्नतालाई हटाउनु पर्ने ।<br>▪ लैससास दृष्टिले अनुगमन मूल्याङ्कन गरि प्रभाव विश्लेषण सहितको प्रतिबेदन तयार नहुनु र सोको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार हुन पर्ने । | परिचालित छन् ।<br>▪ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरु<br>▪ लैससास सम्वन्धि काम गर्ने संघसंस्था छन् ।<br>▪ संघ प्रदेश तथा स्थानीय तहको सहयोग समन्वय<br>▪ लक्षितसमूह अत्यधिक रहनु ।<br>▪ | परिवर्त गर्न नसक्नु<br>▪ जेष्ठ नागरिक, अपाङ्ग परिचय पात्र प्रभावकारी कार्यान्वयन<br>▪ नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित समुदाय वर्ग, क्षेत्र लिङ्ग को अर्थपुण सहभागिताको सुनिश्चितता ।<br>▪ नेतृत्व तहमा लैंगिक तथा समाबेशी प्रतिनिधित्वको सुनिश्चितता । |

## २.५. गाउँपालिका तथा वडास्तरका लैससास सम्बन्धी पहिँचान गरिएका प्रमुख सवालहरु

सुनिलस्मृति गाउँपालिकाको लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण गरी पहिँचान गरिएका सवालहरुलाई बिश्लेषण गर्दा प्राथमिकिकरण गरिएका प्रमुख सवालहरु निम्न छन् ।

१) विपन्न, जोखिममा परेका, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्कको अद्यावधिक गरी व्यवस्थापन नगरिएकोले लक्षीत समूहका आबश्यकताले प्राथमिकता पाउन सकेका छैनन् ।

२) समुदायमा हरेक घर-परिवार सामाजिक संयन्त्र तथा संरचना लगायत सार्वजनिक औपचारिक निकायहरुमा समेत लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, बाल श्रम, बाल बिबाह लगायतका प्रमुख सवालहरु विद्यमान छन् ।

३) गाउँपालिकाले पूर्बाधार बिकासलाई बढी माग आउने र सम्बोधन गर्नुपर्ने भएकोले वार्षिक योजना तथा कार्यक्रममा लैंगिक सवाल तथा सामाजिक समावेशीकरणकाजस्ता सामाजिक सवालका विषयले प्राथमिकता पाउन सकेको छैन । ,

४) स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै नीति र बजेट तथा कार्यक्रमको व्यवस्था नहुदा बिकास प्रक्रियामा उनीहरुको सहज पहुँच पुग्न सकेको छैन ।

५) लैंगिक उत्तरदायि योजना तथा बजेट निर्माण हुन नसक्नु ।

६) सहभागितामूलक योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी नहुँदा सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

## २.६. गाउँपालिकाको लैससास रणनीतिको लक्षित कार्यक्षेत्रहरु

लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र नीतिहरुलाई स्थानीयकरण गरी लक्षीत बर्ग समूदायलाई बिकासको मूलप्रबाहमा समाबेश गर्नका लागि लैससास रणनितिमा लक्षीत गरिएका कार्यक्षेत्रहरु निम्न बमोजिम छन्

### (क) बिकासमा मूलप्रवाहिकरण::

गाउँपालिकाभित्र रहेका समग्र महिला, एकल महिला, अपांग, दलित, गरीब लगायत बञ्चितिकरणमा बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखाको आधारमा उनीहरुको सिप तथा क्षमता बिकास गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ । नीति तथा योजना निर्माण तथा कार्यान्वयन र अवसरहरुमा समाबेशी पहुँच बृद्धि गरी स्थानिय तहका हरेक संरचनामा समाबेशी सहभागिता सुनिश्चित गर्ने ।

### (ख) आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण

**१**) लक्षित वर्ग/समूहलाई श्रोत र साधनमा पहुँच सुनिश्चित र अर्थपूर्ण सहभागिताका लागि क्षमता तथा नेतृत्व बिकास र आयआर्जन क्रियाकलाप मार्फत आर्थिक, सामाजिक र राजनितिक सशक्तिकरण गरिनेछ।

२) सामाजिक संरक्षण र सुरक्षा विशेषगरि बाल-बालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजानेछ ।

३) बिभिन्न समयमा आउने बिपद तथा महामारी र कोभिड-१९ महामारीको संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा र बाल हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

### (ग) समन्वय, सहकार्य र साझेदारी

१) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, लगायत जिल्ला तह र स्थानीय तहमा क्रियाशिल सम्बन्धीत सरकारी तथा गैरसरकारी र नीजि क्षेत्रका निकायहरुसिंग आबश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

### (घ) अनुगमन तथा मूल्यांकनः

गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन प्रणालीको व्यबस्था गरी संस्थागत गर्दै लगिनेछ ।

### २.७. लैससास रणनीतिको कार्यअबधी :

सुनिलस्मृति गाउँपालिकामा बिद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको बिश्लेषण लगायत यस गाउँपालिकाले लैससास क्षेत्रमा प्राप्त गरेका उपलब्धी र लैससासमैत्री बनाउनका लागि अझै गर्नुपर्ने सुधारका पक्ष र बिद्यमान लैससास सम्बन्धी सवालहरु सम्बोधनका लार्गि लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रबाहिकरण रणनीति निर्माण गरी लागु गरेको हो । यस लैससास रणनीतिको अबधी ५ बर्षको हुनेछ ।

## परिच्छेद ३
## लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता, औचित्यता, प्रमुख रणनीति तथा कार्यनीति र कार्ययोजना

### ३.१. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः

“सामाजिक न्यायमा आधारीत समतामूलक तथा सामाजिक समाबेशीमैत्री सुनिलस्मृति गाउँपालिका” ।

### ३.२. ध्येयः

वञ्चितिकरणमा परेका वर्ग, लिङ्ग र समुदायको लैंगिक तथा सामाजिक बिभेद अन्तय भई समग्र विकास र हरेक अवसरमा समाबेशी पहुँच सुनिश्चित भएको हुनेछ ।

### ३.३. लक्ष्यः

समाजमा बिद्यमान लैंगिक बिभेद र सामाजिक असमानतामा सकारात्मक परिबर्तन ल्याइ पाँच वर्ष भित्र बञ्चितिकरणमा परेका सबै वर्ग, क्षेत्र, जाती, लिङ्ग र समुदायलाई नीति निर्माण, शासन प्रक्रिया, सेवा प्रवाह र दिगो विकासको मुलप्रबाहमा समाहित गर्ने ।

## ३.४. रणनीतिक उदेश्यहरुः

३.४.१. गाउपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग, समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण भएको हुनेछ ।

**३.४.२.**समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बालश्रम, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि भएको हुनेछ ।

३.४.३. लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको स्थानीय स्रोत तथा लाभहरुको न्यायोचीत बितरण प्रणाली र लैंगिक समानता तथा सामाजिक समाबेशी उत्तरदायी योजना तथा बजेट निर्माण कार्य संस्थागत भएको हुनेछ ।

३.४.५. अति विपन्न तथा पछाडी परेका बर्ग समूहको आर्थिक शसक्तिकरण भएको हुनेछ ।

३.४.६. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ ।

## ३.५. लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्य मान्यता :

सुनिलस्मृति गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्यमान्यताहरुलाई आत्मसात गरिनेछ ।

क. समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्बन ।

ख. न्यायमा पहुँच सुनिश्चितता र न्यायोचित बितरण प्रणाली ब्यबस्थापन

ग. सकारात्मक सोचको बिकास र लैससासमैत्री ब्यबहार अवलम्बन ।

घ. समाबेशी तथा अर्थपुर्ण सहभागिता

ङ. पिडित तथा प्रभावित र असाह्यहरुको संरक्षण प्रणाली ब्यबस्थापन

च. साझेदारी र सहकार्य

## ३.६. लैससास रणनीतिको औचित्यता :

संबिधानद्धारा प्रदान गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लगु गर्न गराउन आबश्यकता महशुस गरी सुनिलस्मृति गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ । लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ ।

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न मार्गनिर्देश गर्दछ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहर्रुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ ।

ङ) लैससासको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ ।

## ३.७ प्रमुख रणनीति तथा कार्यनीतिहरु

संघिय सरकारले लैससास क्षेत्रमा जारी गरेका नीति तथा कानुनहरुको स्थानीयकरण गरी गाउँपालिका तहका लैससासका प्रमुख मुद्दाहरूलाई सम्बोधन गरी लैससासमैबी गाउँपालिका स्थापना गर्न यस रणनीतिले सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार गाउँपालिकालाई प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८" तयार गरिएको हो । यस रणनीतिको सफल कार्यान्वयनबाट गाउँपालिकावासीहरूले लैंगिक विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चितता र अवसरहरुमा समाबेशी पहुँच सुनिशिचत हुनेछ भन्ने बिश्वास लिइएको छ ।

**<u>रणनीति ३.७.१.</u>**

गाउँपालिकाको बिद्यमान नीति तथा कानुनहरुको पुनरावलोकन गरी सुधारउन्मुख अभ्यासद्वारा लैंगिक तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने ।

**<u>कार्यनिति</u>**

१. गाउँपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने

२. लैगिङ्गक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।

३. लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

४. लैससा रणनीतिले निर्दिष्ट गरे बमोजिम कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्ययोजना बनाई लागु गर्ने ।

५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहना तथा आवश्यकता अनुसार योजना तर्जुमागरि कार्यान्वयन गर्ने।

६. महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन गृहणी महिला केन्द्रीत उत्पादन कार्यक्रम संचालन गर्ने

७. लैंगिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने।

८. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।

९. गाउँपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास रणनीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१०. वडा तथा समुदाय तहसम्म लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।

११. बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३.७.२.**

संरक्षणकारी व्यवस्था र निरोधात्मक उपायहरु मार्फत लैंगिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने ।

***कार्यनिति***

१. गाउँपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

२. लैंगिक हिंसा, घरेलु हिंसा तथा यौनजन्य दुरव्यवहार, जातीय बिभेद वा छुवाछुत, र गलत सामाजिक अभ्यास वा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने ।

३. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू जस्तै : खाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि सञ्चालन गर्ने ।

४. लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने र हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने।

५. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने जस्तै : कृषिजन्य लघु-उधोगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि ब्यबसाय, ब्यबसायीक तरकारी तथा फलफूल खेती विकास, हाट बजार ब्यबस्थापन तथा प्रबर्द्धन कार्यक्रम लगायत बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू र अन्य कृषि, पशु विकास, तथा सहकारी बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. बिशेष हेरचाहको आबश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

७. गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपानाउनु पर्ने विषयहरु समावेश गर्ने ।

८. गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधीलाई लैससास नीतिको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।

९. लैंगिक हिंसा, घरेलु हिंसा सार्वजनिक तथा कार्यस्थालमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।

१०. प्राकृतिक बिपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला र बालबालिका र जेष्ठनागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।

११. बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनस्थापनाकालागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

१२. लैगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने।

**<u>रणनीति ३.७.३</u>**

लैंगिक समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने ।

**कार्यनिति**

१ लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने रणनीति लिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

२. नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाउन गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने ।

३. गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने।

४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।

५. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने

६. गाउँपालिकाका संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।

७. गाउँपालिका र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।

८. गाउँपालिका लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

९. नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।

१०. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान

११. लक्षित वर्ग /समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने।

१२. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ प्रदेश र स्थानीय संघ संस्थाहरु संग सम्पर्क, समन्वय र सहकार्य

१३. सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन, गरीब परिवार पहिचान सम्बन्धी स्थानीय सर्बेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने।

१४. स्थानीय सुरक्षा योजना र व्यवस्थापन लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

१५. सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल समिति गठन गरी परिचालन गर्ने ।

१६. महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने।

१७. खण्डीकृत तथ्याँक अद्यावधीकका लागि कम्प्यूटरकृत प्रणालीको बिकास गर्ने ।

**रणनीति ३.७.४.**

उद्यमशिलता बिकास गरी विपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने ।

**कार्यनिति**

१. गाउँपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित व्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने।

२. स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।

३. आदिवासी जनजाति तथा दलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।

४. विपन्न एबं बञ्चित व्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।

५. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

६. प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

७. एक वडा एक उत्पादनका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

**रणनीति ३.७.५**

बिपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने लैससास मैत्रि अनुगमन तथा मूल्याँकन संयन्त्र निर्माण गर्ने।

**कार्यनिति**

१. गाउँपालीकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन कार्यलाई संस्थागत गदै लैजाने ।

२. स्थानीय महिला, एकल महिला, अपांग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

३. स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

४. स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

५. योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षीत ब्यक्ति वा समुदायको लैङ्गिक तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, गराउने ।

६. उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

७. गाउँपालिका तहमा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

८. लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र ( संजाल) बनेछ।

९. लैङ्गिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति हुनेछ र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ।

## ३.८ लैससास मूलप्रबाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

| रणनीतिक उदेश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने /नेतृत्व लिने |
|---|---|---|---|---|
| ३.४.१. समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई बिकासको मूलप्रबाहमा पहुँच सुनिश्चित हुनेछ । | ▪ हरेक वडाबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गर्न आबश्यक बजेट र जनशक्तिको ब्यबस्था गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षीत बर्ग समुदायको सहभागिता सुन्शिचिततका लागि जनचेतना तथा क्षमता बिकासका कार्यक्रम संचालन गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायलाई आर्थिक शसक्तिकरणका लागि सिपमूलक ब्यबसायिक तालीम, प्रबिधि हस्तान्तरण र बजारीकरणका सम्बन्धी कार्यक्रम र बजेट सुनिश्चित गर्ने | आ.व. २०७९।०८० देखि निरन्तर कार्यान्वयन । | लक्षीत गरिएका महिला, दलित, अपाङ्ग, जनजाती, एकल महिला, अतिविपन्न, दुर्गम बस्तीका समुदाय आदि । | ▪ गाउँकार्यपालिका,<br>▪ सुचना शाखा,<br>▪ महिला तथा बालवालिका शाखा |
| ३.४.२. बालश्रम, बाल बिबाह, बाल योन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका बिभेद र शोषणको न्यूनिकरण भएको हुनेछ । | बाल बिबाह बिरुद्धको करणनतिक योजनाको पुर्ण कार्यान्वयनका लागि टोलबस्तीस्तरमा संयन्त्र गठन गरि परिचालन गर्ने ।<br>▪ बाल श्रम नीति अनुरुप बाल श्रम बिरुद्ध अभियानका लागि संयन्त्र तथा सरोकारवाला परिचालन गर्ने ।<br>▪ सबै बालबालिकाहरुलाई शिक्षामा पहुँचका लागि बिद्यालय भर्ना अभियानलाई बस्तीस्तर सम्म नियमित संचालन साथै अभिलेखिकरण चुस्त दुरुस्त राख्ने ।<br>▪ कक्षा १२ सम्मको निशुल्क शिक्षाका लागि गाउँपालिकाले आबश्यक बजेट तथा जनशक्तिको ब्यबस्था गर्ने ।<br>▪ अतिबिपन्न बालबालिका, असाह्य बालबालिकाहरुका लागि निशुल्क पाठ्य सामाग्री ब्यबस्था गर्न आबश्यक बजेट तथा योजना कार्यान्वयन गर्ने ।<br>▪ सबै बालबालिकाहरुलाई पुर्ण खोपको ब्यबस्था गर्ने । | २०७९।०८० देखि निरन्तर | सबै प्रकारका बालबालिका, अतिबिपन्न तथा असाह्य बालबालिका, महिला, एकल महिला, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरीक, बिपनन तथा बिकट र दुर्गम बस्तीका समुदाय । | ▪ शिक्षा शाखा,<br>▪ स्वास्थ्य शाखा |

| | | | | |
|---|---|---|---|---|
| | ▪ पोषण कर्नर स्थापना गर्ने ।<br>▪ बालश्रम मुक्त वडा तथा गाउँपालिका घोषणाको लागि आबधिक कार्ययोजना बनाई लागु गर्ने गराउने<br>▪ गाउँपालिकाको सबै संरचनामा स्तनपान कक्ष व्यवस्थापन गर्ने ।<br>घरमा सुत्केरी गराउने संख्या सुन्यमा झार्न सचेतना तथा प्रोत्साहन कार्यक्रम संचालनलाई निरन्तरता दिने । | | | |
| ३.४.३. लैंङ्गिक बिभेद, लैंङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ । | ▪ लैंङ्गिक हिंसामुक्त गाउँपालिका घोषणाका लागि गाउँपालिकाको आबीधक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>▪ घरेलु हिंसा तथा लैंगिक हिंसा बिरुद्ध कानुनी प्राबधानहरु बारे समुदाय तहमा कानुनी साक्षरता तालीम तथा अभिमूखिकरण संचालन गर्ने ।<br>▪ लैंङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्वनका लागि आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा टाँस गर्ने ।<br>▪ गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>▪ न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता बिकास गरी परिचालन गर्ने<br>▪ घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदाय तहमा जोडी तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>▪ मदिरा सेवनका कारण अधिकांस घरेलु हिंसा हुने भएकोले मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने ।<br>▪ लैंगिक हिंसा र घरेलु हिंसा बिरुद्धका अभियान मार्फत टोल हुदै वडा र गाउँपालिका घोषणाको कार्ययोजना बनाई लागु गर्ने । | २०७९।०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल ब्यबसाय,सबै सरोकारवाला निकाय । | ▪ गाउँकार्यपालिका,<br>▪ लैंससास सम्पर्क ब्यक्ति<br>▪ महिला तथा बालवालिका शाखा |
| ३.४.४. हानीकारक | ▪ लैङ्गिक मैत्रि बालमैत्री, अपांगमैत्री संरचना निर्माणसम्बन्धी | आ.व. | सबै प्रकारका | गाउँकार्यपालिका, |

| | | | | |
|---|---|---|---|---|
| गलत सामाजिक अभ्यास, कुरीति लगायत सबै प्रकारका बिभेदको अन्त्य भएको हुनेछ । | गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>▪ अति बिपन्न, असाह्य, ज्येष्ठ नागरीकका लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने ।<br>▪ बालिका तथा किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी सिप तालीम ब्यबस्था गर्ने ।<br>▪ घरमा सुत्केरी गराउने संख्या सुन्यमा झार्न जनचेतना र प्रोत्साहनका कार्यक्रमबारे समुदाय तहसम्म ब्यापक जानकारी गराउने तथा प्रचार प्रसार गर्ने ।<br>▪ सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरु बिच अन्तक्रिया ।<br>▪ बहुविवाह, जातिय छुवाछुत विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ दाईजो प्रथा, छुवाछुत प्रथा, धामीझाक्रि प्रथा, मदिरा नियमन तथा नियन्त्रणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>▪ सबै प्रकारका बिभेद, बाल बिबाह, बहुबिबाह लगायत सामाजिक अपराध बिरुद्ध जनचेतना अभिबृद्धि गर्न कानुनी साक्षरता कक्षा संचालन गर्ने । | २०७९।०८० देखि निरन्तर | बालबालिका, अति बिपन्न तथा असाह्य बालबालिका, अपांग बालबालिका, दुर्गम तथा बिकट बस्तीमा बस्ने बालबालिका । | महिला बालवालिका शाखा, क |
| ३.४.५. अति विपन्न तथा पछाडी परेका बर्ग समूहको आर्थिक शसक्तिकरण भएको हुनेछ । | ▪ लक्षीत समूहको आयआर्जन बृद्धिका सम्बन्धी योजना तथा कार्यक्रममा निश्चित प्रतिशत बजेटको ब्यबस्था गर्ने ।<br>▪ लक्षीत समूह केन्द्रीत सिप तथा रोजगारमूलक तालीम र आबश्यक प्रबिधि हस्तान्तरण गर्ने ।<br>▪ उत्पादित बस्तु तथा सेवाको बजारीकरणका लागि सहयोग तथा समन्वय बिस्तार गर्ने ।<br>▪ कृषिको आधुनिकिकरण सम्बन्धी कार्ययोजना बनाई लागु गर्ने<br>▪ गृहणी महिलाहरुकम लापग गृहणि महिला उत्थान कार्यक्रम | आ.व. २०७९।०८० देखि निरन्तर पाँचौं वर्ष सम्म | महिला, बालबालिका, दलित, जनजाती, एकल महिला , जेष्ठ नागरिक, समग्र महिला, अपाङ्ग ता भएका ब्यक्ति, हिंसा पिडित तथा पिडक परिवार आदि । | गाउँकार्यपालिका, र वडा कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| | संचालन गर्ने ।<br>▪ एक वडा एक सहकारी र एक उत्पादन कार्यक्रम संचालन गर्ने । | | | |
| ४.४.६. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा आएको हुनेछ । | ▪ गाउँपालिकामा कार्यरत सम्बन्धीत सार्वजनिक, सामाजिक तथा निजी सबै सरोकारवाला निकाय वा व्यक्ति बिच निरन्तर समन्य र सहकार्य गर्न महिला बालबालिका शाखालाई जिम्मेवारी तोकीनेछ ।<br>▪ गाउँपालिकाका लैंगिक समानता र सामाजिक समाबेशीकरण सम्बन्धी कार्यक्रम तथा बजेट एकद्धार प्रणाली मार्फत कार्यान्वयन गर्ने ब्यबस्था गर्ने ।<br>▪ लैससास सम्बन्धी बनेका नीति तथा कानुन कार्यान्वयन गर्न गराउन सबै सरोकारवाला र लक्षीत समुह बिच अभिमूखिकरण मार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | गाउँकार्यपालिका, महिला तथा बालबालिका शाखा |

## परिच्छेद ४

## लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिकाको लैससास नीति तथा रणनीतिले सरोकारवालाहरुको लागि निर्दिष्ट गरेको कार्यभूमिकाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी र नियमित अनुगमन समेत गरिनेछ । त्गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । त्यसैगरी गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित तथा निर्देशन गर्नेछ । यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

### ४.१. लैससास मूलप्रबाहीकरणका रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र :

गाउँपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास नीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्री बनाइनेछ । गाउँपालिकाको सबै संरचनाहरुमा संस्थागत ब्यबस्थापन साथै पारिचालन सम्बन्धी सिपको बिकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषत: निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र ब्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

(ख) लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) नियुक्त गरी कार्यबिबरण तोकीनेछ ।

(ग) गाउँपालिकामा कार्यरत महिला कर्मचारीहरु र गाउँपालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ ।

(घ) गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई लैंगिक समानता तथा सामाजिक समाबेशीकरण अबधारणा र अभ्यासहरुका बिषयमा अभिमूखकरण मार्फत जानकारी गराई सेवा प्रबाह प्रक्रियालाई लैङ्गिक तथा सामाजिक समाबेशी मैत्री बनाइनेछ ।

(ङ) लैससासमैत्री सुचना प्रणाली ब्यबस्थापन गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

(छ) वडास्तरको सबै वस्तीहरुमा सबै बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता गराई टोल बिकास संस्था गठन गरि योजना तर्जुमा प्रक्रियामा र सामुदायिक बिकासका कार्यमा क्रियाशिल बनाउने ।

(ज) गाउँपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत गाउँपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

### ४.२.. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन :

गाउँपालिकाले लैससास रणनीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनकालागि आबश्यक स्रोत संकलन तथा परिचालन गर्न निम्न प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

क) गाउँपालिकाको कूल स्रोत तथा बजेटको निश्चित प्रतिशत रकम लैससास क्षेत्रमा सुधारका लागि बिनियोजन गर्ने ब्यबस्था मिलाउने ।

ख) गाउँपालिकामा लैससासको क्षेत्रमा क्रियाशिल सबै सरोकारवाला निकाय बिच नियमित समन्वय र सहकार्य गरी स्रोत परिचालन गर्ने क्रममा एकद्धार प्रणाली अवलम्वन गर्ने ।

ग) लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीच अभिमूखिकरण गराई कार्यान्वयनका लागि निर्देशन गर्ने ।

घ) गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी तथा योजना निर्माण र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई आबश्यक समन्वय तथा निर्देशन गर्नेछ ।

ङ) गाउँपालिकाको सिमित स्रोतको अधिकतम उपयोग हुने गरी स्रोत परिचालन गर्दा बञ्चित समुदायलाई बिकासमा मूलप्रबासहकरण गर्न आबश्यकता र अवस्था अनुसार न्यायोचित वितरण प्रणाली अवलम्वन गर्ने ।

### ४.३. अनुगमन प्रणाली :

सुनिलस्मृति गाउँपालिकाबाट निर्माण गरिएको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति र रणनीति प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैंगिक समानता तथा सामजिक समाबेशीकरण परिक्षण गर्नुका साथै गाउँपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरि परिचालन गरिनेछ ।

### ४.३.१. अनुगमन संयन्त्र गठन तथा परिचालन :

सुनिलस्मृति गाउँपालिकाको लैंगिक तथा सामाजिक समाबेशी रणनीतिले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीति र कार्ययोजनाहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिालन गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको

ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

गाउँपालिकाद्धारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी सुधारका लागि आबश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरी राष्ट्रिय कार्यविवरण तोकीएको छ ।

**(क) गाउँपालिकास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| १) | गाउँपालिकाका अध्यक्ष | संयोजक |
| २) | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) | सामाजिक बिकास समिति संयोजक | सदस्य |
| ५) | पालिकास्तरीय लक्षित समूह सञ्जालबाट गाउँपालिका अध्यक्षले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) | महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

**(ख) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

१) लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक संचालन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने ।

२) बिभिन्न सरोकारवालाको सहभागितामा बार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

३) लैंङ्गिक, सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययन तथा बिश्लेषण गरी आबश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत सुधारका बिषयमा गाउँसभमा सिफारिस गर्ने ।

४) लैंङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आबश्यक सुझाव दिने ।

५) लैससास रणनीति तथा कार्यनीतिसंग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आबश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत बिषयगत शाखा तथा निकायहरुलाई सुझाव पेश गर्ने ।

६) वडा तह र समग्र गाउँपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा बिश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र गाउँसभामा सिफारिस गर्ने ।

७) लैससास बजेट परिक्षण कार्यदल संग समन्वय गरी बार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैङ्गिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास रणनीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि सुझावहरु पेश गर्ने ।

१०) लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन बिभिन्न सरोकारवाला निकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

(ग) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| १) | वडा अध्यक्ष | संयोजक |
| २) | वडा समितिका सदस्यहरु | सदस्य |
| ३) | वडास्तरीय लक्षित समुह सञ्जाल मध्येबाट | |
| | वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| ४) | वडास्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ५) | वडा सचिव | सदस्य सचिव |

**(घ) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तब्य र अधिकार**

१) लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्यावधीक गर्ने गराउने ब्यबस्था मिलाउने ।

२) वडातहका योजना तर्जुमा छनौट प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरुलाई अनिवार्य सहभागी गराउने वातावरण मिलाउने

३) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच तथा लाभ प्राप्तीमा समाबेशी पहुँच सुनिश्चित गर्ने ।

४) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आबश्यक सुझाव दिने ।

५) गाउँपालिकाले लैससास रुणनीतिमा प्राथमिकिकरण गरेका लक्षीत समुहको आर्थिक सामाजिक र राजनैतिक शसक्रिकरणका लागि योजना तथा कार्यक्रम बनाई गाउँसभामा पेश गर्ने ।

६) वडास्तरमा संचालीत योजना तथा कार्यक्रमहरु लैससासमैत्री भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन पहल गर्ने ।

### ४.४.. लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास रणनीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|
| गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाई वा एकरुपता नहुन सक्ने । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा नपर्न सक्ने । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि अभिमूखिकरण गर्ने<br>▪ गाउँपालिकाको लैससास परिक्षणलाई नियमित गर्ने । |
| लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्ने । | ▪ गाउँपालिकाबाट मानव संशाधन क्षमता विकासका कार्यक्रम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| लैससास रणनीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | ▪ गाउँपालिकाको स्रोत परिचालनमा न्यायोचीत बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि एकद्धार प्रणाली अवलम्बन गर्न सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिकाको लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्ने । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने ।<br>▪ गाउँपालिकाका हरेक योजना तथा कार्यक्रमको लैससास उत्तरदायी बजेट मुल्यांकन कार्यलाई नियमितता दिने । |
| टोलबस्ती तथा वडास्तरबाट | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा |

| | |
|---|---|
| लैससासँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| बिपन्न तथा वन्चितीकरणमा परेका वर्ग समुदायको आर्थिक सशक्तिकरणको कमी । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधीकको अभाव । | ▪ सबै वडा तहमा आर्थिक सामाजिक अवस्था तथा पहिँचान हुने गरी खण्डिकृत तथ्यांक संकलन गर्न आबश्यक बजेट तथा मानव स्रोतको ब्यबस्थ ागर्ने ।<br>▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँचको कमी । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाउने ।<br>▪ नियमित अनुगमनबाट औल्याईएका सुधारका पक्षहरु कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई निर्देशन गर्ने । |

## ४.५. कानुनी व्यवस्था तथा पुनरावलोकन

सुनिलस्मृति गाउँपालिकाद्वारा लैससास रणनीति निर्माणको क्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय कानुन तथा नीतिहरु र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिएको छ ।

### ४.५.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

सुनिलस्मृति गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ ।

### ४.५.२. .नीतिको पुनरावलोकन तथा सुधार

सुनिलस्मृति गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता,

उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कननको आधारमा समिक्षा गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

## अनुसुची १

लैससास रणनीति निर्माण तथा कार्यान्वयन कार्यदल गठन :

लैससास निर्माण तथा कार्यान्वयन कार्यदलमा सहभागिहरुको बिबरण निम्नानुसार उल्लेख गरिएको छ :

१) संयोजक : बागमति क्षेत्रिनि गाउँपालिका उपाध्यक्ष
२) सदस्य: नमराज थापा संयोजकक, सामाजिक बिकास समिति
३) सदस्य: चन्द्र बहादुर मरमथानी कार्यपालिका सदस्य
४) सदस्य: नुमाकान्त कालाथोकी प्रशासन शाखा प्रमुख
५) सदस्य सचिव : भगवती बुढा, महिला बालबालिका शाखा प्रमुख

## अनुसुची २

गाउँपालिका भित्र लैससासको क्षेत्रमा क्रियाशिल सरोकारवालाहरु :

- महिला तथा बालवालिका शाखा, न्यायिक समिति, लगायत सबै विषयगत शाखाहरु
- वडा कार्यालय
- गाउँपालिका तथा वडास्तरीय बालअधिकार समिति
- महिला सञ्जाल /समूह, अपाङ्ग सञ्जाल, दलित सञ्जाल, जेष्ठ नागरिक संञ्जाल, किशोरी समूह /सञ्जाल, बाल संजाल
- टोल विकास संस्था लगायत बिभिन्न उपभोक्ता समिति
- अस्पताल र अस्पतामा आधारीत एक द्वावार संकट व्यवस्थापन केन्द्र ।
- लै.सा.स. कार्यन्वयन तथा अनुगमन समिति
- इलाका प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय (महिला सेल)
- जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्याल
- जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समिति
- गैससा महासंघ लगायत हुरेक नेपाल, साहास नेपाल, रुडास नेपाल, माहुरी होम, इन्टर नेसनल आइडिया, यू.एन.एफ. पि.ए., आशा परियोजना, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा
- पत्रकार महासंघ र बिभिन्न सञ्चार माध्यम
- यातायात व्यवसायि समिति
- स्वास्थ्यसंस्था, आमा समूह र महिला स्वास्थ्यस्वयंसेवीका
- विद्यालय
- बैङ्क तथा वित्तिय संस्थाहरु
- प्रदेश कार्यालय मन्त्रालय तथा विषय गत शाखा र संघिय तहका मन्त्रालय तथा कार्यलय विषयगत शाखा

## अनुसुची ३ :

## लैससास रणनीति निर्माण क्रममा समूह छलफल क्रममा सहभागि सदस्यहरुको नामावली

**पहिलो दिन र दोस्रो दिन समूह छलफलका लागि सहभागि नामावली :**

**समूह १ छलफलमा सहभागिहरुको नामावली :**

श्री प्रताप श्रेष्ठ, श्री भगवती बुढा, श्री हिमा गुरुङ, श्री भुपेन्द्र खड्का, श्री पदम प्रसाद रिजाल, श्री हरी बहादुर गिरी, श्री नुमाकान्त कालाथोकी, श्री गिर बहादुर बिष्ट, श्री बागमति क्षेत्रिनि गा.पा. उपाध्यक्ष, श्री यादव के.सी.,

**समूह २** श्री गुणेन्द्र घर्ति गा.पा. अध्यक्ष, श्री तुल्सी सुनार कार्यपालिका सदस्य, श्रीपुर्ण बहादुर पुन, श्री प्रतिभा पौडेल, श्री भरत नेपाली, श्री नर्मा सुनार, श्री चन्द्र मरमथानी, श्री केशवलाल कवर, श्री दुर्योधन महरा, श्री गीर बहादुर बिष्ट,

**समूह ३ : श्री** बासुदेव उपाध्याय, श्री मोतिम आलम, श्री नवराज थापा,श्री दिक्षा गिरी, श्री साबित्रा थापा, श्री केशब खत्री, श्री रेकम पोखेल, श्री रीता कुमारी थापा, श्री गञ्ज बहादुर के.सी., श्री मनसरी बि.क.,

**अनुसुचि ४ सुनिलस्मृति गाउँपालिकाको रणनीति निर्माण कार्यशालामा सहभागिहरुको नामावली बिबरण**

| क्र.स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे.ठ. | जनजाति पहाड/ तराई | दलित पहाड / तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | गुणेन्द्र घर्ति | अध्यक्ष | ९८५७८२४८१७ | gurendragharti@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| २ | बागमति क्षेत्रिनि | उपाध्यक्ष | ९८५७८९२४८१८ | - | √ | - | - | √ | - | - | - | - | - | - |
| ३ | गौतम भण्डारी | प्र.प्र.अ. | ९८५७८२४७७५ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| ४ | मोतीम आलम | नि. प्र.प्र.अ. | ९८६६९२२१६१ | motimalam30@gmail.com | - | √ | - | - | - | - | - | √ | - | - |
| ५ | नबराज थापा | वडा अध्यक्ष, वडा नं ५ | ९८६३१२६९२१ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| ६ | तुल्सी सुनार | का. सदस्य | ९८४७९१२२९३ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| ७ | दुर्योधन महरा | स.क.अपरेटर | ९८५७८२२६८९ | ddmahara@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| ८ | गिर बहादुर बिष्ट | वडानं ३, कावा. वडा अध्यक्ष, | ९८४८९५१७४८ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| ९ | पुर्ण बहादुर पुन | वडा अध्यक्ष, वडा ८ | ९८६२१४०५०७ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| १० | हरी बहादुर गिरी | एम.आइ.एस | ९८४७८६५३८२ | shikhaikumargiri | - | √ | - | - | - | - | - | - | √ | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अपरेटर | | @gmail.com | | | | | | | | | | |
| ११ | पदम प्रसाद रजिाल | सहायक | ९८५७८२४३१० | rijal.padam25@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १२ | मनसरी बि.क. | का.सदस्य | ९८४९४३८५४२ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| १३ | आशा सुनार | का.सदस्य | ९८१९५६७४१३ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| १४ | भुपेन्द्र खड्का | आ.ले.प. | ९८६८६००२१५ | bhopank1696@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १५ | प्रतिभा पौडेल | रोजगार संयोजक | ९८४७९६७२८१ | poudelprativa88@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| १६ | केशबलाल कवर | वडा अध्यक्ष, वडा नं २ | ९८४७८९६९०० | - | - | √ | - | √ | - | - | - | - | - | - |
| १७ | केशब खत्री | स. क. अपरेटर | ९८४७८७८७६० | keshavkhatri204@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १८ | भरत नेपाली | मिल अधिकृत | ९८४७८६८०४० | bharatnepali4@gmail.com | - | √ | - | - | - | √ | - | - | - | - |
| १९ | हिमा गुरुङ | ना.प्र.सा.कृषि | ९८६६९०३७१९ | hinggurung@01@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| २० | नुमाकान्त कालाथोकी | प्रशासन छैठौ | ९८५७८३३२३४ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २१ | रञ्जु शाह | फिल्ड सहायक | ९८४६४३६५६८ | ranjushah2017@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | नर्मा सुनार | किशोरी संजाल | ९७४५९३९३७१ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| २३ | दिक्षा गिरी | अध्यक्ष किशोरी संजाल | ९८६६५२५५०० | - | √ | - | - | - | - | - | - | - | √ | - |
| २४ | यावब केसी | शिक्षा अधिकृत | ९८४७९६२३२८ | yadavkc4343@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २५ | साबित्रा थापा | स्वा.संयोजक | ९८५७८४९०२० | sabitrathapa160@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| २६ | बासुदेव उपाध्याय | कृषि शा.प्र. | ९८५६८२४८२१ | bashu.dev2070@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २७ | रेकम पोखेल | लेखापाल | ९८६३४६९५६४ | rekampk@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २८ | चन्द्र मरमथानी | का.सदस्य | ९८४४९०१६०८ | - | - | √ | - | - | - | √ | - | - | - | - |
| २९ | प्रताप श्रेष्ठ | अनुगमन अधिकृत | ९८५२८४०४७७ | pratap@sahasnepal.org.np | - | √ | - | - | √ | - | - | - | - | - |
| ३० | गञ्ज बहादुर क्षेत्री | वडा अध्यक्ष | ९८५७८११००० | - | - | √ | - | √ | - | - | - | - | - | - |
| ३१ | भगवती बुढा | स.म.बि.नि. | ९८४३७७२९८४ | | √ | - | - | - | √ | - | - | - | - | - |
| ३२ | रीता कुमारी थापा | सहयोगी | – | - | √ | - | - | √ | - | - | - | - | - | - |
| | | **जम्मा** | | | | | | | | | | | | |

**जनप्रतिनिधिको संख्या : ११ जना** **कर्मचारीको संख्याः .१७ जना** **अन्य सहभागीको सं (संघसंस्था तथा संजालबाट) : ४ जना**

**अनुसुची ५ अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची :**

- गाउँपालिकाको लैंससास नीति २०७७
- बालबिबाह बिरुद्ध रणीनतिक योजना २०७७
- अपांग परिचयपत्र बितरण कार्यबिधि २०७५
- बाल संरक्षण नीति २०७८
- बाल अधिकार समिति गठन कार्यबिधि २०७७
- बाल संरक्षण कोष संचालन तथा ब्यबस्थापन कार्यबिधि २०७७
- बाल समूह संजाल गठन ब्यबस्थापन तथा सहजीकरण निर्देशिका २०७७
- ज्येष्ठ नागरीक क्लव गठन तथा संचालन कार्यबिधि २०७७
- गाउँपालिकाको पार्श्वचित्र २०७७
- न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन २०७५
- नेपालको संबिधान २०७२
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन
- लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्राबधानहरु